“कृषि, शिक्षा, पर्यटन र पुर्वाधार

राजापुर विकासको मुल आधार”

# राजापुर नगरपालिकाको दोस्रो नगरसभामा प्रस्तुत

# २०७५/२०७६ को

# निति तथा कार्यक्रम

## राजापुर नगरपालिका, बर्दिया २०७५

फोन नं. ०८४६६००८८, ०८४४६०८७, ०८४४६०१११

ईमेल :-rajapurmun@gmail.com

# राजापुर नगरपालिकाको उप - प्रमुख श्री मनकला कुमारी चौधरी ज्यू बाट प्रस्तुत अर्थिक २०७५/०७६ को वार्षिक निति तथा कार्यक्रम

**दोस्रो नगरसभा अध्यक्ष ज्यू,**

**नगरसभा सदस्यज्यूहरु,**

स्थानिय तहले कार्यान्वयन गर्ने गरी नेपालको संविधानले सुनिश्चित गरेका अधिकारहरुलाई जनताको इच्छा अनुसार व्यवहारमा रुपान्तरण गर्दै **"कृषि, शिक्षा, पर्यटन व्यापार र पूर्वाधार राजापुर विकासको मूल अधार"** भन्ने मूल नाराका साथ सभ्य, सुन्दर र समृद्ध राजापुर निर्माण गर्नको लागि राजापुर नगरपालिकाको दोस्रो नगरसभामा आ.व. २०७५/०७६ को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरबान्वित महसुस गरेको छु । यस ऐतिहासिक अवसरमा लोकतन्त्र स्थापनाका लागि आफ्नो जीवनको बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

अव म आर्थिक वर्ष २०७५/०७६ को निति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**दिर्घकालिन सोच :- "कृषि, शिक्षा, पर्यटन र पुर्वाधार राजापुर विकासको मुल आधार"**

**लक्ष्य तथा उद्देश्य** : - राजापुर नगरपालिकालाई कृषि, शिक्षा, पर्यटन, व्यापार र पूर्वाधार विकासका माध्यमबाट आर्थिक, समाजिक तथा साँस्कृतिक रुपमा सम्पन्न वातावरणिय दृष्टीले स्वच्छ सहरी सुविधा सम्पन्न हुलाकी राजमार्गमा अवस्थीत एक व्यवस्थीत नमुना नगरपालिका निर्माण गर्ने ।

## १. सामाजिक विकास

**क. शिक्षा :-** शिक्षामा सबैको समान पहुँचका लागि देहायका निति अबलम्बन गरिने छ ।

१. अति गरीब, दलित, असहाय तथा द्वोण्द्व पिडित बालबालिकालाई छात्रवृत्ति प्रदान गरी पढ्न पाउने हकको सुनिश्चितताको लागी वातावरण मिलाईने छ ।

२. शिक्षा प्राप्त गर्न पाउने बालबालिकाहरुको मौलिक अधिकारलाई सुनिश्चित गर्न विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण तथा त्यसको संस्थागत विकासमा नगरपालिकाले सहकार्य, सहजिकरणको नेतृत्वदायि भूमिका निर्वाह गर्दै समुदायको सहभागिता अभिवृद्धिमा विशेष जोड दिइने छ ।

३. विद्यालय सुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धिको लागि विद्यालयमा सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणलाई वास्तविकतामा आधारित बनाइने छ ।

४. युवाहरुलाई सरकारी सेवामा आकर्षित गर्दै देश सेवाको भावनामा अभिप्रेरित गरि रोजगारीमा अभिवृद्धि गर्नको लागि लोक सेवा आयोग, शिक्षासेवा आयोग जस्ता परीक्षालाई लक्षित गरी कोचिङ्ग र तालिम कार्यक्रम संचालन गरिने छ ।

६. राजापुर नगरपालिकामा व्यवस्थित नगर स्तरीय पुस्तकालय भवन निमार्ण गरिने छ ।
७. एक वडा एक नमुना विद्यालय संचालन गरिने छ ।
८. शैक्षिक बेरोजगारी समस्यालाई ध्यानमा राखी व्यवसायिक, सीपमुलक र व्यवहारिक शिक्षामा जोड दिईने छ ।
९. शैक्षिक उपलब्धीको आधारमा शिक्षक एबं विद्यालयलाई पुरस्कृत गरिने छ ।
१०. अनियमित रुपले लिइने कुनै पनि शैक्षिक शुल्क नियमन तथा नियन्त्रण गरिने छ ।
११. विद्यालयको शिक्षणमा प्रभावकारिता ल्याउन अनुगमन, निरिक्षण र सुपरिवेक्षण गरिने छ ।
१२. कक्षा एक देखि नै अंग्रेजी भाषामा अध्ययन अध्यापन गर्न गराउन प्रोत्साहन गर्दै जाने निति अवलम्बन गरिने छ ।
१३. बालविकास कक्षालाई कलात्मक र प्रयोगात्म शिक्षण विधि द्धारा अध्यापनको वातावरण मिलाईने छ ।

## ख. स्वास्थ्य

१. स्वास्थ्य सेवालाई सर्वसुलभ भरपर्दो र गुणस्तरिय बनाउँदै नगर बासिहरुको पहुँचको वातावरण मिलाईने छ ।
२. "**स्वच्छ समाज स्थापना गर्न स्वस्थ बनौं सफा रहौं, स्वास्थ्य क्षेत्रमा आमुल सुधार गरौं**" भन्ने अभियान संञ्चालन गरी आम नागरिकहरुको सहभागितामा बस्ति सफा, नगर सफाको कार्यक्रम सञ्चालन गरिने छ ।
३. नगर स्तरमा विशेषज्ञ चिकित्सक सहितको कम्तिमा २५ शैयाको अस्पताल संञ्चालनको व्यवस्था मिलाउन आवश्यक जग्गा खोजि गरिने छ । २४ घण्टा विशेषज्ञ चिकित्सक सेवा निःशुल्क संचालनका लागि पहल गरिने छ ।
४. आधारभुत स्वास्थ्यमा सबै नगरबासीको पहुँच सुनिश्चितता गर्न स्वास्थ्य विमाको कार्यक्रम विस्तार तथा सर्वसुलभ गरिने छ ।
५. एक वडा एक स्वास्थ्य केन्द्र स्थापनाको कार्यलाई अगाडी बढाईने छ ।
६. आमा बच्चाको पोषण सुनिश्चित गर्न, गर्भ अवस्था देखी नै प्रसुती सेवा पुऱ्याई प्रत्येक वडामा सुरक्षित मातृत्व सेवा संचालन गरि घरमा शुन्य प्रसुतीहुने कार्यक्रमका लागि पहल गरिने छ ।
७. स्वास्थ्य विज्ञान प्रर्तिस्थान स्थापनाका लागी आवश्यक पहल गरिने छ ।
८. सबै सार्वजनिक स्थल र साधनहरुमा धुम्रपान र मदिरा सेवन निषेध गरिने छ ।
९. द्वन्द्व पिडित परिवार, घाइते तथा अपाङ्गता, जेष्ठ नागरीक, एकल महिला र बिपन्न परिवारलाई विशेष सहुलियत सहितको स्वास्थ्य उपचारको व्यवस्था मिलाइने छ ।
१०. नेपाल रेडक्रस सोसाईटी सँगको समन्वयमा नगरमा एउटा ब्लड बैंक स्थापना गर्न पहल गरिने छ ।
११. समय समयमा बिपन्न, असहाय, दलित, जेष्ठ नागरिक र महिलाको स्वास्थ्य जाँचका लागि स्वास्थ्य शिबिर संञ्चालन गरिने छ ।
१२. राज्यद्धारा तोकिएका निःशुल्क औषधी बितरणलाई प्रभावकारी बनाइने छ ।

१३. स्वास्थ्यकर्मीहरुको क्षमता बिकासका कार्यक्रम संञ्चालन गरिने छ ।

१४. स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार सुधार गर्दै लगिने छ ।

१५. स्वास्थ्य स्वयं सेविकाहरुलाई उचित प्रोत्साहनको व्यवस्था मिलाईने छ ।

१६. नगरपालिकालाई पूर्ण खोप युक्त, पूर्ण पोषण युक्त र पूर्ण सरसफाई युक्त नगर बनाउन अवश्यक कार्यक्रमको व्यवस्था मिलाईने छ ।

१७. बहु क्षेत्रीय पोषण कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

१८. विष सेवन तथा झुन्डि आत्महत्याका घटना रोक्न सचेतना मूलक कार्यक्रम संचालन गर्ने । विषादी बेचबिखनको भेटनरी र एग्रोभेट सँगको समन्वयमा अनुगमन तथा नियमन गरिने छ ।

१९. सिकलसेल र थेलेसेमीया रोगको पहिचान र उपचार गर्न प्राथमिक स्वास्थयकेन्द्रलाई व्यवस्थित गरिने छ ।

२०. मानसिक रोगको पहिचान र उपचारका लागि स्वास्थ्य केन्द्र भित्र क्लिनिक खोल्न पहल गरिने छ ।

२१. पोष्टमार्टम व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

२२. बढ्दो पाठेघरको समस्यालाई सम्बोधन गर्न प्रत्येक स्वास्थ्य संस्थामा पाठेघरको मुखको क्यान्सरको जाँचको व्यवस्था मिलाउन पहल गरिने छ ।

२३. सिकलसेल ऐनिमिया निशुल्क जाँचको लागी आवश्यक रकमको व्यवस्था गरिने छ ।

२४. राजापुर नगरपालिकामा आवश्यकता अनुरुप वर्थिन सेन्टर र अनमिको व्यवस्था मिलाईने पहल गरिने छ सगै भौतिक संरचनाका लागि विभिन्न दात्त्री निकाय वा संस्था सँग समन्वय गर्दै निर्माण कार्य अगादि बढाईने छ ।

## ग. खानेपानी तथा सरसफाई

१. सफा र शुद्ध खानेपानीमा सबैको पहुँच पुर्‍याउन गुरुयोजना तर्जुमा गरी क्रमशः कार्यान्वयन गरिने छ ।
२. राजापुर बजारको खानेपानी बितरण प्रणालीमा सुधार गरी व्यवस्थित गरिने छ ।
३. राजापुर नगरपालिकाको सरसफाई गुरुयोजना तयार गरिने छ ।

## घ. सँस्कृति प्रवर्द्धन

१. कला सँस्कृति जगेर्नाको लागि आवश्यक कार्यक्रम गरिने छ ।
२. स्थानिय सबै धर्म, परम्परा र मौलिक सँस्कृतिलाई संरक्षण र सम्वर्द्धन गरिने छ ।
३. साँस्कृतिक परम्परा बमोजिम मनाइने पर्वहरुलाई व्यवस्थित गरिने छ । मन्दिर, देउथान, मस्जिद, चर्च आदिलाई आवश्यक सहयोग गरिने छ ।
४. आदिवासी थारु लगाएत सबै जनजतातीको सँस्कृति र परम्पराको संरक्षण र सम्वर्द्धन गरिने छ ।
५. नगर स्तरीय समिति बनाई धार्मिक स्थलहरुको संरक्षण, सम्बर्द्धन र विकास गरिने छ ।

## ङ. खेलकुद तथा मनोरञ्जन

१. स्थानिय संघ, संस्थाहरु सँग समन्वय गरि नगर स्तरीय खेलकुद प्रतियोगिताहरु संचालन गर्न प्रोत्साहन गरिने छ ।
२. नगरपालिकामा खेलमैदान निर्माणको सम्भाव्यता अध्ययन तथा निर्माणका लागि आवश्यक पहल गरिने छ ।
३. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुद प्रति आकर्षण गर्न विद्यालयहरुलाई खेलकुद सामाग्री खरीद तथा खेल मैदानको स्तरोन्नती गर्न सहयोग गरिने छ ।
४. युवा क्लवहरु गठन गर्न प्रोत्साहन गरिने छ ।
५. युवाहरुलाई कुलतमा फस्न नदिई सचेत नागरिकको रुपमा बिकास गर्न बिभिन्न सचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ ।
६. वडा स्तरिय खेल मैदानको सम्भाव्यतालाई अध्यन तथा व्यवस्थापनको लागि पहल गरिने छ ।
७. नगर स्तरिय खेलकुद मैदान सम्भाव्यता अध्ययन गरि नगर खेलकुद मैदान निर्माण गरिने छ ।

## च. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१. सामाजिक रुपमा पछाडि पारिएका वर्ग तथा समुदायको पहुँचमा अभिवृद्धि गर्दै सेवा प्रवाह गरि सामाजिक रुपान्तरण मार्फत गरिबी न्यूनिकरणलाई सहयोग पुऱ्याउन सामाजिक परिचालन कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाउँदै लगिने छ ।
२. विकासका अवसरहरुबाट पछाडि परेका नगर भित्रका भौगोलिक क्षेत्रहरुको पहिचान गरि विशेष कार्यक्रम कार्यान्वयन गर्दै लगिने छ ।
३. महिलाको मौलिक हक अधिकार एवं विकासका लागि आवश्यक कदम चालिने छ ।
४. महिला हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्न आवश्यक कदम अगाडी बढाइने छ ।
५. महिला हिंसा, लैङ्गिक विभेद, बालश्रम, बालविवाह, अनमेल विवाह, छुवाछुत जस्ता सामाजिक कुसस्कारहरुलाई न्यूनीकरण गर्ने कार्यमा प्रत्येक वडालाई जिम्मेवार बनाइने र सबै वडा कार्यालयमा यस सम्बन्धी अलग्गै डेस्क बनाइने छ ।

## २. आर्थिक विकास

**क. कृषि :-** कृषि विकासमा नगरबासिहरुको समृद्धिमा निति अवलम्बन निम्न अनुसार गरेको छु ।

१. हाल निर्माणाधिन कृषि गुरुयोजना पुरा गरि तत्काल कार्यान्वयनमा ल्याईने छ ।
२. **"आर्थिक समृद्धीको पहिलो आधार कृषि"** भन्ने नाराका साथ नगरपालिका क्षेत्रको संभाब्यता अध्ययन गरी कृषि उत्पादनमा व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरण गरिने छ ।
३. व्यवसायिक कृषि उत्पादन, प्रशोधन तथा बजारिकरण गरिने स्थलसम्म कृषि सडक सञ्जाल पुऱ्याउन पहल गरिने छ । राजापुर बजारको कृषि हाटबजारलाई सुदृढिकरण र बिस्तार गरिने छ ।

४. भूगोल र हावापानी अनुकुल हुने कृषि प्रणाली लागू गरिने छ । कृषि औजार, मल, विउबिजन र तालिमको प्रबन्ध मिलाईने छ ।

५. कृषि पेशालाई सम्मानित, मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गरिने छ ।

६. तरकारी तथा अन्नबालिको भण्डारण गर्न सबै पक्षको सहभागितामा नगर स्तरीय शित भण्डार तथा भण्डार गृह निर्माण प्रकृया अगाडी बढाईने छ ।

७. विभिन्न उपभोग्य बस्तुहरुमा आत्मनिर्भर बन्न कृषि उत्पादन पकेट र ब्लक क्षेत्रहरु निर्धारण र विकास गरिने छ ।

८. सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिने छ ।

१०. कृषि अनुसन्धान केन्द्रको समन्वयमा कृषिका विविध विषयगत क्षेत्रको अध्ययन गर्ने कार्यलाई थालनी गरिने छ ।

११. कृषि पुर्वाधार सडक, सिंचाई, भण्डारण र संकलन केन्द्रलाई सुधार तथा बिस्तार गरिने छ ।

१२. कृषि तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी कार्यन्वयन गर्न अवश्यक पहल गरिने छ ।

१३. कृषक समूह तथा सहकारी संस्था मार्फत रासायनिक मलको डिपो संचालनको व्यवस्था मिलाईने छ ।

१४. कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मूल बीउबाट बिउ उत्पादन कार्यक्रममा प्रोत्साहन दिई उन्नत बीउ वितरण र पशुको नश्ल सुधारमा अनुदानको व्यवस्था गरिने छ ।

१५. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको सुपर जोनलाई प्रभावकारी कार्यन्वयन गरिने छ ।

१६. उच्च मूल्यका कृषि बस्तु उत्पादन र बजार ब्यबस्थापनमा विशेष जोड दिईने छ ।

१७. एक गाउँ एक नमुना कृषि उत्पादन पकेट र ब्लकको योजनालाई विशेष जोड दिइने छ ।

१८. दुग्ध उत्पादनका लागि बिशेष नीति अबलम्बन गरी दुग्धजन्य उद्योगलाई प्रोत्साहित गरिने छ ।

१९. पशु नश्ल सुधारका लागि कृतिम गर्भाधान कार्यक्रम संचालन गरिने छ ।

२०. पशु आहाराका लागि घाँस खेतिका कार्यक्रम संचालन गरिने छ ।

२१. पशु स्वास्थ्यका लागि औषधी र खोप उपचारको व्यवस्था गरिने छ ।

२२. उत्पादित पशुपंछीजन्य उत्पादनको उचित बजारिकरणको प्रवन्ध मिलाइने छ । साथै कृषक तथा पशुस्वस्थ्य सेवा प्रविधिकहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।

२३. नगर भित्रका पशुपंछी फर्म, मासुपसल, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिने छ ।

२४. स्वच्छ र स्वस्थ मासु उपभोक्ता सम्म पुऱ्याउन आधुनिक पशु वधशाला निर्माण प्रकृया अगाडी बढाईने छ ।

२५. एक वडा एक कृषि तथा पशु प्राविधिक कार्यक्रम लाई बढावा दिईने छ ।

२६. कृषि पर्यटन क्षेत्रको अवधारणलाई बढावा दिईने छ ।

२७. कृषि जैबिक विबिधता संरक्षणका लागि लोपोन्मुख कृषि बालीको बिस्तार तथा संरक्षण गरिने छ ।

२८. राजापुर नगरपालिका वडा नं. ५ मा सित भण्डार निर्माण गरिनेछ ।

२९. किसानहरुको लागी कृषि यन्त्र खरिदको लागि अनुदानको व्यवस्था गरिने छ ।

३०. किसानहरुलाई विउ विजन किटनासक र धुसिनाशक विशादिको लागि अनुदानको व्यवस्था गरिने छ ।

३१. वेमौसमी तरकारी खेतीलाई प्राथमिकता दिईने छ ।

३२. चैते धान खेतिको लागि अनुदानको व्यवस्था गरिने छ ।

३३. समूहगत खेतिको लागि अनुदानको व्यवस्था गरिने छ ।

३४. राजापुर नगरपालिका भित्र लगाईने सबै ठाउँको कृषि हाट बजार र कृषि बजारलाई व्यवस्थीत र व्यापारिकरण र बजारिकरण गरिदै लगिने छ ।

## ख. सहकारी

१. सार्वजनिक, निजी र सहकारीको तीन खम्बे अर्थ नीति अवलम्वन गरिने छ ।

२. नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण गरी पूर्वाधार निर्माण, संस्थागत र व्यवसायिक विकास र नियमनमा जोड दिईने छ ।

३. कृषि उत्पादन र बजारिकरणमा सहकारी संस्थाहरुलाई प्रोत्साहन गरिने छ ।

४. सहकारी मार्फत कृषि फर्म तथा कृषि उद्योग संचालनमा प्राथमिकता दिईने छ ।

५. सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तिय संस्था तथा बैंकहरु संग समन्वय गरिने छ ।

६. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषि लगानीमैत्री वातावरण श्रृजना गरिने छ ।

## ग. पर्यटन

१. राजापुर नगरपालिका कृषि पर्यटकीय स्थलको रुपमा बिकास गरिने छ ।

२. हाल निर्माणाधिन पर्यटन गुरुयोजनालाई पुरा गरि तत्काल कार्यन्वयनमा ल्याईने छ ।

३. पर्यापर्यटनलाई प्रोत्साहन गरिने छ । कर्णाली र गेरुवा नदीमा ऱ्याफ्टिङ्गको संभावना अध्ययन गरिने छ । अर्नहुवा ताल, वदालपुर नर्सरी र कोठिघाटलाई व्यवस्थीत प्रर्यटकीय स्थलको रुपमा परिणत गरिने छ ।

४. पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार र विस्तारका लागि प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।

५. होमस्टे व्यवसाय संचालनका लागि प्रोत्साहन गरिने छ ।

६. पर्यटन मैत्री सफा, सुन्दर र आकर्षक बनाउन **"My desire green and clean city"** अभियानको रुपमा कार्यक्रम अगादि बढाईने छ ।

७. राजापुर नगरपालिका - २ गुवारीमा थारु साँस्कृतीक संग्रालयलाई प्रवर्धन गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षण गर्ने निति अवलम्बन गरिनेछ।

## घ. उद्योग तथा बाणिज्य

१. नगरपालिका भित्र उद्योग विकास सम्भाव्यता अध्ययन गरिने छ साथै सञ्चालीत उद्योगहरुलाई प्रवधन गर्ने प्रोत्साहीत गरिने छ।
२. नयाँ उद्योगहरु स्थापना गर्न लगानी मैत्रि वातावरण श्रृजना गरी रोजगारीका अवसर सिर्जना गरिने छ। बढ्दो विदेश पलायन रोक्न स्थानीय स्तरमै युवाहरुलाई उद्यमशिल बनाउँदै लगिने छ।
३. स्थापना हुने र संचालनमा रहेका उद्योग, फर्म तथा पसलहरुको दर्ता र नियमन गरिने छ।
४. उपभोक्ता हीत संरक्षण गरिने छ।
५. मझौला तथा ठुला उद्योग स्थापनाको लागि संघ र प्रदेशमा पहल गरिने छ।

## ङ. वित्तिय क्षेत्रहरु (राजश्व परिचालन)

१. प्रगतिशील कर प्रणाली अवलम्बन गरिने छ।
२. नयाँ क्षेत्रहरु पहिचान गरी करको दायरा बढाईने छ। कर प्रशासनलाई सरल, सवल र पारदर्शी बनाईने छ। सबै किसिमका आय र व्यवसायलाई करको दायरामा ल्याइने छ।
३. करदाताको अभिलेख अद्यावधिक गरिने छ। नगरपालिकाले प्रवाह गर्ने सेवालाई कर तथा शुल्क सँग आवद्ध गरी आन्तरिक आय वृद्धि गर्ने रणनीति अवलम्बन गरिने छ।
४. राजश्व परामर्श समितिको सुझावका आधारमा कर, दस्तुर, शुल्क, भाडा निर्धारण गरिनेछ।
५. तोकिएको समयमै बढी कर वुझाउने करदातालाई सम्मान गरिने छ।
६. करदाता शिक्षा मार्फत नगरवासीलाई कर तिर्न अभिप्रेरित गरिने छ।
७. करका नयाँ संभावना पहिचानका लागि अध्ययन गरिने छ।
८. घर बहाल कर नियमित रुपमा बुझाउन प्रोत्साहन गरिने छ र नियमित रुपमा अनुगमन गरिने छ।
९. केन्द्रीय, प्रदेश र स्थानीय निति अनुसार लघु वित्तिय संस्था र वित्तिय सहकारीलाई कर्जा सूचना केन्द्रको सञ्जालमा आबद्ध गराउने व्यवस्थामा आवश्यक पहल गरिने छ।
१०. नेपाल संघीय नितिमा गरिबी निवारण कोष, ग्रामिण स्वावलम्बन कोष र युवा स्वरोजगार कोषहरु बाट संचालित अनुदान र ऋण को कार्यक्रमहरुमा आवश्यक पहल गरिने छ।
११. नगरपालिकाको व्यापारिक सटर निर्माणको लागी नगर विकास कोष सँग ऋण माग गरिने छ।
१२. एकिकृत सम्पति कर २०७५ साल श्रावण १ गते देखि लागु गरिने छ। उक्त एकिकृत सम्पति कर लागु भए पछि घर कर र मालपोत कर सोतह खारेज हुने छ।

## **३. सूचना तथा संचार** : -

क. प्रतेक वडाकार्यालयमा टेलिफोन र ईन्टरनेट सेवा विस्तार गरिने छ ।

ख. राजापुर नगरपालिकामा सबै प्रकारका सूचनाका माध्यम जनसमुदायको पहुच पुर्याउन संचारको माध्यमलाई निष्पक्ष, मर्यादित जिम्मेवार, व्यवसायिक र प्रर्तिस्प्रधि बनाईदै लगीने छ ।

ग. पत्रकारितामा गुणस्तरिय, व्यवसायिक र स्वच्छ अभ्यासलाई प्रोत्साहित र पत्रकारिताको हित र कल्याणमा नगरपालिका अगाडि बढ्ने छ ।

घ. वडामा पहुच पुग्ने गरी छापाई तथा विद्युतीय माध्यमका संचार सेवा संचालन र विकासमा प्रोत्साहन गरिने छ ।

ङ. नगरपालिकाको योजना तथा कार्यक्रमहरुको गतिविधि चौमासिक रुपमा सर्वजनिक सुनुवाई गरिने छ ।

च. व्यवस्थित सूचना केन्द्र स्थापना गरिने छ ।

छ. हाल निर्माण भइरहेको सूचना केन्द्र भवनलाई निर्माण कार्यमा निरन्तरता दिईने छ ।

## **५. भ्रष्टाचार नियन्त्रन र शुसासन**

**क**. नगरपालिकामा भ्रष्टाचार गतिबिधिको पक्ष पोषण गर्ने गराउने दुबैलाई कानुनको दायरामा ल्याउने निति अवलम्बन गरिने छ ।

**ख.** राजापुर नगरपालिकामा सबै प्रकारको सेवा गुणस्तरको मापक तयार गरिने र निर्णय प्रकृयालाई सिघ्र र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाईने छ ।

**ग**. कार्यपालिका, सम्पूर्ण वडा कार्यालय र विषयगत शाखा कार्यालयलाई आर्थिक अनुसासनमा कडाईका साथ पालना गर्न लगाईने छ ।

**घ**. नगरपालिकामा सुचिकृत संघ संस्थाहरुको सम्मन्वय तथा अनुगमन प्रभावकारी बनाईनेछ र यि सम्बन्धी संस्थाहरुले परिचान गरेको सहयोग रकम, संचालित कार्यक्रम र त्यसबाट प्राप्त उपलब्धीहरु समेतको प्रगति प्रर्तिवेदन कार्यपालिकामा पेश गर्न लगाईने छ ।

**ङ**. नगरपालिकाबाट भएका योजना तथा कार्यक्रमहरुलाई पारदर्शि गरिने छ ।

**च.** यस नगरपालिकामा उपभोत्ता समिति बाट निर्माण भएका अनुगमन तथा मुल्याङ्कन गरि राम्रो काम गर्ने उपभोत्ताहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईएको छ ।

**छ.** उपभोत्ताबाट निर्माण गरिने योजनाहरुमा कम्तिमा पनि १५ % जनसहभागीता जुताउनु पर्ने छ ।

**ज.** उपभोत्ता तथा निर्माण व्यवसायिबाट गरिने योजनाहरुमा समयमा सम्पन्न नगर्ने उपभोत्ता समिति र निर्माण व्यवसायिहरुलाई नियमानुसार कारवाहिको दायरामा ल्याईने छ ।

## **६. कानुन तथा न्याय**

**क**. स्थानीय सरकारको न्यायपालिकालाई प्रभावकारी र व्यवस्थित बनाईने छ ।

**ख.** न्याय प्रणालीमा सुधार न्याय निरुपणमा सिघ्रता यवम निशुल्क कानुन सेवालाई विस्तार गरिने छ ।

**ग.** संविधान कार्यन्वयनकालागी स्थानीय सरकार एकल अधिकार सुचिमा रहेका अधिकारलाई कार्यन्वयनमा तिब्रता दिईने छ ।

**घ.** कानुन विपरित स्थापना भएका उद्योग कलकारखाना र प्राकृतिक श्रोतको अनुचित तरवरले दोहन गर्नेलाई कानुनको दायरामा ल्याईने छ ।

**ङ**. वडा नगरपालिका भित्र विबाद सामाधानका लागि आवश्यक सयन्त्रको व्यवस्था गरिने छ ।

**च.** शान्ती सुरक्षा सुद्धीढ र प्रभावकारी बनाउन सुरक्षा निकायहरुको पूर्वाधार निर्माणमा आवश्यक सहयोग गरिने छ ।

**सभाध्यक्ष महोदय ,**

## ७. पूर्वाधार विकास

### क. सडक, कल्भर्ट तथा पुलपुलेसा

१. नगरस्तरीय सडक गुररुयोजना बनाई **(MUNICIPAL TRASPORT MASTER PLAN, MTMP)** यथासिघ्र कार्यन्वयन गरिने छ ।

२. नगर क्षेत्रमा रहेका मुख्य मुख्य सडकको स्तर उन्नती तथा कालो पत्रे गर्न विस्त्रित योजना प्रतिवेदन तयार गरिने छ, स्तरोन्नती भएका सडकहरुको कमस कालो पत्रे गरि छ ।

३. सडक क्षेत्र अधिकार मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ । त्यस्ता कार्य भए गरेको पाएमा प्रचलित कानून बमोजिम सजायको दायरा भित्र ल्याउने निति अवलम्वन गरिने छ । नगर क्षेत्रभित्रका सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिईने छ ।

४. नगर चक्रपथको अवधारणा बमोजिम सर्भे सम्पन्न गराई तदनुरुप कार्य प्रारम्भ गरिने छ ।

५. उपभोक्ता समितिको कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्न अभिमूखीकरण कार्यक्रम संचालन गरिने छ ।

६. नगरपालिका बाट निर्माण भएका भौतिक पूर्वाधार मर्मत सम्भारका लागि मर्मत सम्भार कोष स्थापना गरिने छ ।

७. राजापुर नगरपालिका दौलतपुरघाट कर्णाली नदी मा पक्की पुल निर्माणको लागी आवश्यक पहल गरिने छ ।

८. नगरपालिकाको निर्माणाधिन बस पार्कलाई पूर्णता दिईने छ ।

### ख. सिंचाई

१. राजापुर नगरपालिका भित्रका सिंचाई प्रणाली व्यवस्थित गर्न बिशेष पहल गरिने छ ।

२. गेरुवा गाउँपालिका सँगको समन्वयमा बुढीकुलोको siltation समस्या समाधान गर्ने प्रयास गरिने छ ।

३. नगरपालिका भित्रका सबै कृषियोग्य भूमिमा सिंचाईको सुनिश्चिचता गर्न आवश्यक कार्य गरिनेछ ।

## ग. भवन तथा शहरी विकास

१. नगरपालिका गठन हुनु पूर्व निमार्ण भएका घरहरुको अभिलेखिकरण कार्य तत्काल प्रारम्भ गरिने छ ।
२. नगरपालिकाबाट अनुमति नलिई भवन निर्माण गर्ने घर धनीलाई नगरपालिकाले कार्यालयहरुका तर्फबाट गरिने सम्पूर्ण सिफारिस तथा सुविधामा रोक लगाई प्रचलित कानून बमोजिम दण्ड जरिवाना गरिने छ ।
३. शहरी बिकास तथा भवन निर्माण आचार संहिता २०७२ लाई पहिलो संशोधन गरी कडाइका साथ लागू गरिने छ ।
४. सरकारी, सार्वजनिक, ऐलानी पर्ती जग्गामा निर्माण भएका व्यक्तिगत भवन तथा संरचनालाई नक्सा पास तथा अभिलेखीकरण गरिने छैन ।
५. भवन निमार्णका लागि अनुमती दिंदा आफ्नो घर परिसर भित्र अनिवार्य रुपमा कम्तिमा २ वटा रुख बिरुवा लगाउनु पर्ने व्यवस्था मिलाईने । घर भित्रको फोहर व्यवस्थापनको लागी सड्ने र नसड्ने गरी अलग अलग कन्टेनर राख्नु पर्ने कार्य अवलम्वन गरिने छ ।
६. नगरपालिका तथा सम्बन्धित निकायको अनुमति नलिई जग्गा प्लटिङ्ग गरीएका र निर्धारित मापदण्ड नपुगेका प्लटहरुमा भवन निमार्ण अनुमति दिईने छैन ।
७. यस नगरपालिका क्षेत्र भित्रका उर्वर खेती योग्य जमिनलाई प्लटिङ्गको लागी अनुमति दिइने छैन ।
८. राजापुर नगरपालिकालाई व्यवस्थित शहरको रुपमा बिकास गर्न पहल गरिने छ ।
९. भवन निर्माण माप दण्ड अनुसार घर नक्सा स्वीकृत गरिने छ ।

## घ. भूमी व्यवस्थापन तथा बस्ती विकास

१. **"एक वडा एक एकिकृत बस्ती"** विकासमा जोड दिइनेछ ।
२. एकिकृत बस्तीहरुमा विकासका पूर्वाधारहरुः सडक, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई आदि सुविधा विस्तार र सामुदायिक स्थलहरु निर्माण गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु सँग समन्वय र सहकार्य गरिनेछ ।
३. भू-उपयोग योजनाको आधारमा बस्ति बिकास प्रकृया अगाडी बढाईने छ ।
४. नगर भित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी पर्ति जग्गाको एकिकृत लगत तयार गरि उचित व्यवस्थापन गरिने छ ।
५. भूमीहीन सुकुम्बासी तथा मुक्तकमैयाहरुको व्यवस्थित बसोबासका लागि आवश्यक पहल गरिने छ । छुट मुक्त कमैयाहरुको लगत संकलन र छानविनका लागि सम्बन्धित निकायमा अनुरोध गरिने छ । जनता आवास कार्यक्रम विस्तार गर्न आवश्यक पहल मिलाईने छ ।
६. राजापुर नगरपालिका भित्र रहेको खेति योग्य भूमी बाँझोपन राख्न पाईने छैन बाँझौपन देखिएमा सम्बन्धीत जग्गा धनीले स्पस्तीकरण रहित जग्गा मूल्यको २ % जरिवाना नगरपालिकामा तिर्न लगाईने छ ।

## ङ. उर्जा

१. विद्युतिकरण हुन बाँकी रहेका वस्तीहरुमा विद्युतिकरण गर्दै लगिनेछ । काठका पोललाई क्रमशः विस्थापित गरी सिमेन्टका पोल प्रयोग गरिनेछ र सबै वडाको मुख्य वजार, सर्वजनिक स्थल र सिमा क्षेत्रहरुमा सौर्य उर्जा (solar pawer) र सडक वत्ति राख्ने निति अवलम्बन गरिने छ ।
२. नगरपालिका क्षेत्र भित्र वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहन गरिने छ ।

## ८. वातावरण तथा विपद् व्यवस्थापन

### क. वन तथा वातावरण

१. वन तथा जैबिक विविधताको संरक्षण गर्दै वैज्ञानिक वन व्यवस्थापनलाई उच्च प्राथमिकता दिईने छ ।
२. वन तथा वन क्षेत्र अतिक्रमण कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ ।
३. सामुदायिक वन उपभोक्ता समूहलाई थप सशक्त बनाई निरन्तर नियमन समेत गरिने छ ।
४. सार्वजनिक तथा वन क्षेत्र भित्रका खाली जमिनमा बृक्षारोपण गर्दै लगिने छ ।
५. नगरपालिका सबै वडाहरु समेट्ने गरी जलवायु परिवर्तन सम्वन्धी स्थानीय अनुकुलन कार्ययोजना कार्यान्वयन (लापा) तर्जुमा गरी प्रथमिकताका साथ कार्यान्वयन गरिनेछ
६. सडक किनारका खालि जमिनमा वडा तथा टोल, वस्तिको सहभागितामा वृक्षारोपण गर्दै लगिने छ ।
७. वातावरण संरक्षण सम्वन्धमा विद्यालय स्तर सम्म सचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।
८. नीजि घर तथा क्षेत्रमा उद्यान निमार्ण गर्न प्रोत्साहन गर्न सम्वन्धित निकाएको सहयोगमा आवश्यक बिरुवा उपलब्ध गराईने छ । उपलव्ध गराईएको बिरुवा सदुपयोग भए नभएको अनुगमन गरिने छ ।
९. जथाभाबी अनियन्त्रित रुपमा भइरहेको ढुंगा, गिट्टी, बालुवा उत्खनन्लाई रोकी व्यवस्थित गरिने छ ।
१०. वन क्षेत्रभित्र हुने चोरी शिकारी रोकी वन्यजन्तुको संरक्षण गरिने छ र वन डढेलो, वन अतिक्रमण र काठ चोरीलाई नियन्त्रण गर्ने नीतिलाई कार्यान्वयनमा प्रभावकारीता ल्याइने छ ।
११. बहुमुल्य जडीबुटी खेतीको सम्भाब्यता अध्ययन गरी सरकारी तथा सामुदायिक लगानीको माध्यमबाट जडीबुटी खेती गरी आयआर्जनमा बृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।
१२. राजापुर नगरपालिका भित्र रहेका नदि नाला ताल सिमसार क्षेत्र हरुको अतिक्रमण र प्रदुषण रोकथाम गर्न संरक्षनका कार्यक्रम संचालन गरिने छ ।
१३. सहिद पार्क लाई व्यवस्थापन गरिने छ ।
१४. नगर भित्र रहेका जैविक ताल र एतिहाँसीक साँस्कृतीक प्रर्यावरण र वातावरण सन्तुलन राखीने कार्यक्रमहरु बनाईने छ ।
१५. नगर सुन्दरताको लागि सडक बृक्षारोपन कार्यक्रम अगादि बढाईने छ ।

### ख. विपद व्यवस्थापन

१. प्रकोपजन्य जोखिमलाई न्यूनीकरण गर्न स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरीने छ।
२. प्रत्येक वडा तथा वस्तिमा खुल्ला क्षेत्र पहिचान गरिने छ र पहिचान भैसकेका क्षेत्रको संरक्षण गरिने छ।
३. नगरपालिकाको केन्द्रमा सम्बन्धीत निकायको समन्वयमा आपत्कालिन कक्ष संचालन स्थापना गरिने छ।
४. विकासका योजना तयार गर्दा बिपद् न्यूनिकरणका पक्षमा विशेष ध्यान दिईने छ।
५. बाढी पूर्व सूचना प्रणालीलाई थप प्रभावकारी बनाईने छ।
६. समूदायमा आधारित उद्दार कार्यलाई प्राथमिकता तथा प्रोत्साहन गरिने छ।
७. विपद् पिडितलाई तत्काल राहत दिनका लागि नगरपालिका र सरोकारवाला सबैको सहभागितामा छुट्टै कोषको स्थापना गरिने छ।
८. विपद् व्यवस्थापनलाई मध्यनजर गरि एक उपयुक्त अन्न भण्डार कक्षको व्यवस्थापन गरिने छ।

## ग. फोहोर मैला तथा ढल व्यवस्थापन

१. **"हामि सबैको रहर, सफा र सुन्दर नगर"** को नारा सहित फोहरमैलालाई उचित स्थानमा व्यवस्थापन गरिने छ ।
२. जथाभावि फोहर फाल्ने कार्यलाई निरुत्साहित गर्न कानूनी कारवाहीको प्रकृया अवलम्वन गरिने छ।
३. राजापुर नगरपालिकाको राजापुर बजारमा तत्काल भई राखेको ढल निकास कार्यलाई निरन्तरता दिईने छ।
४. वातावरण प्रदुषण हुन नदिन नगरपालिका भित्र मापदण्ड विपरितका प्लाष्टिकको विक्रि वितरण, प्रयोगमा रोक लगाउने निति लिईने छ।
५. सरोकारवाला निकायको सहयोगमा ल्याण्डफिल साईड सम्बन्धी थप अध्ययन गरी फोहर व्यस्थापनको दीगो प्रवन्ध मिलाईने छ।
६. बाटो घाटो तथा सार्वजनिक स्थानमा पशु चौपायाहरु बाँढेको वा छाडा छाडेको पाइएमा दण्डित गरिने छ।
७. राजापुर नगरपालिका भित्र रहेको छाडा चौपायाहरुको लागि कान्जिहाउस को व्यवस्था गरिने छ।

## ९. संस्थागत विकास तथा सेवा प्रवाह

### क. सुशासन प्रवर्ढन

१. सेवा प्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सुझाव सल्लाह एवं गुनासो र उजुरीको सुनुवाई तत्कालै गर्ने गरी आवश्यक व्यवस्था मिलाइने छ।
२. सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागितालाई प्रबर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनुभूति दिलाइने छ।
३. विकास निर्माण र सुशासन कायम गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले नगर भित्र खोज तथा विकास पत्रकारिता गर्ने पत्रकारलाई वार्षिक रुपमा पुरस्कृत गरिने निति अवलम्बन गरिने छ।

४. कर्मचारीलाई उत्प्रेरित गर्न उपयुक्त व्यक्तिलाई उपयुक्त स्थान (Right Man in the Right Place) भन्ने सिद्धान्त परिपालन गरिने छ । कार्य सम्पादनका आधारमा दण्डित तथा पुरष्कृत गर्ने नीति अवलम्वन गरिने छ ।
५. कर्मचारी र जनप्रतिनिधिले अवलम्बन गर्ने आचारसंहिता लागू गरिने छ ।
६. प्रत्येक वडा तथा नगरकार्यपालिकामा नागरिक वडापत्र राख्ने व्यवस्था मिलाईने छ । गुनासो सुन्ने र सूचना अधिकारी तोकिने छ ।
६. आगामी ५ वर्षमा सबै वडामा E-Governance को अवधारणा अनुरुप कार्य संचालन गर्ने गरि डिजिटल प्रविधिको विकास गर्दै लगिने छ ।
७. कर्मचारीहरुलाई कम्प्यूटर सम्बन्धि तालिम दिलाई प्रविधीमैत्री बनाईने छ ।
८. प्रत्येक महिना कम्तिमा १ वडा कार्यालयको अनुगमन गरिने छ । नगरबासी सँग भेटघाट गरी गुनासो सुनिने गुनासो सम्बोधन गरिने छ ।
९. राजापुर नगरपालिकाले तयार गरेको नगर प्रोफाईलको अधारमा दिर्घकालीन र अल्पकालिन समस्याको पहिचान गरि कार्यहरु अगाडि बढाईने छ ।

## ख. सामान्य सेवा

१. संवैधानिक व्यवस्था तथा स्थानीय तह , प्रदेश र संघीय अवधारणा अनुसार नगर तथा वडा तहबाट उपलब्ध हुने सबै प्रकारका सेवाहरु सहज रुपमा नगरवासीहरुलाई उपलब्ध गराउने वातावरण मिलाईने छ ।
२. नगरपालिकाको संस्थागत क्षमता विकास गरिने छ ।
३. हरेक वडा कार्यालयमा आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरिने छ ।
४. राजापुर नगरपालिकाले सबै स्थानिय तह सँग मितेरी (Friendship) सम्बन्ध कायम गरि विकास निति अवलम्बन गरिने छ ।

## ग. दलित

१. दलित समुदायको आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई समयसापेक्ष व्यावसायिकरण गरिने छ ।
२. छुवाछुत र अन्य सवै प्रकारको जातीय भेदभाव अन्त्यको नीति अवलम्बन गरिने छ ।
३. लक्षित कार्यक्रम सञ्चालन गरी थप सशक्तिकरण गरिने छ ।

## घ. बालश्रम निषेध र .बालमैत्री स्थानीय शासन

१. राजापुर नगरपालिकालाई बालश्रम मुक्त नगरपालिका घोषणा गरिने छ ।
२. उद्योग बाणिज्य संघ, बालक्लव, बालसंजाल सँगको समन्वयमा बालश्रम निषेध नगरपालिकामा स्थापीत गरिने छ ।
३. राजापुर नगरपालिकालाई बालमैत्री नगरपालिकामा स्थापित गरिने छ ।
४. बालबालिका भोलिका कर्णधार मात्र नभएर आजका साझेदार हुन भन्ने नीति अवलम्बन गरिने छ ।
५. बालक्लब तथा संजाल गठन तथा बिस्तार गरिने छ ।

## ङ. सरसफाई अभियान

१. नगरक्षेत्रको सबै स्थानमा पूर्ण सरसफाई अभियान सञ्चालन गरिने छ ।
२. विभिन्न संघ संस्थाहरुसँग समन्वय गरि सरसफाई कार्यलाई व्यवस्थीत गरिने छ ।
३. फोहर व्यवस्थापन कार्यलाई प्रभावकारी बनाईने छ ।
४. सबै टोल वडाको सार्वजनिक स्थानमा र सडकहरु सरसफाई गरिने छ ।
५. राजापुर ढल निकासलाई पूर्ण सरसफाई गरिने छ ।

## च. समावेशिकरण, सशक्तिकरण र गरिवी निवारण

१. सशक्तिकरण गर्नुपर्ने पहिचान भएका समुदायलाई प्राथमिकतामा राखिने छ ।
२. कृषि, उद्योग र पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरी गरिवी निवारण गरिने छ ।
३. शिप विकास तालिममा जोड दिई आत्म निर्भर र स्वरोजगार सिर्जना गरि गरिवी निवारण गरिने छ ।
४. कृषी, उद्योग र प्रयर्टन क्षेत्र लाई प्रवर्धन गरि गरिबी निवारण गरिने छ ।

## छ. प्रशासन

१. नगरपालिकाको प्रशासनलाई चुस्त, दुरुस्त, पारदर्शी र जनमुखी बनाइने छ ।
२. जनता कार्यालयमा होइन, कार्यालय जनतामा जानु पर्छ भन्ने मुल मन्त्रलाई स्थापित गरिने छ ।
३. प्रत्येक वडामा गुनासो पेटिकाको व्यवस्था गरिने छ । जसमा राम्रो काम गरेको, नगरेको हेरी राम्रो काम गर्नेलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिने छ ।

## ज. महिला

१. महिलाको मौलिक हक अधिकार र कानुन सम्बन्धी जानकारीको लागी कार्यक्रमहरु संचालन गरिने छ ।
२. महिला हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्न आवश्यक कदम चालिने छ ।
३. महिलाहरुको आर्थिक तथा सामाजिक विकासका लागी सिपमूलक तथा आयमूलक कार्यक्रमहरु संचालन गरिने छ ।
४. महिलाहरुलाई सबै क्षेत्रमा पहुच पुऱ्याउने कार्यक्रम अवलम्बन गरिने छ ।
५. मावन बेचबिखन तथा ओसारपसार कार्य नियन्त्रण गरिने छ ।
६. एकल महिलाहरुलाई आत्मनिर्भर र हौसला प्रदान गर्नका लागि आवश्यक कार्यक्रमहरु अगाडि बढाईने छ ।
७. हिंसा पिडित महिलाको लागि शिप मुलक कार्यक्रमको व्यवस्था गरिने छ ।

## झ. योजना छनौट तथा कार्यान्वयन

१. तल देखी माथि जाने (Buttom Up Approach) नीति अनुसार बस्ती स्तरबाट योजना छनौट गरिने छ ।
२. योजना छनौट तथा प्रथमिकिकरण गर्दा राष्ट्रिय बिकास नीति, गरिबी निवारण, वातावरणीय अनुकुलनता तथा स्रोत साधन उपलब्धताका आधारमा नगरवासीलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिईने छ ।

३. योजना चक्रको प्रत्येक चरणमा हितग्राही समूहलाई  सहभागी गराईने छ ।

४. बढी भन्दा बढी जनसहभागिता हुने योजनालाई प्राथमिकता दिईने छ ।

५. नगर तथा वडा स्तरीय साना योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्न प्रथमिकता दिईने छ ।

६. योजना अनुगमन तथा मूल्याङ्कन कार्य निरन्तर रुपमा हुने व्यवस्था मिलाईने छ ।

७. उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान तथा प्रोत्साहन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

अन्त्यमा राजापुर नगरपालिकाको निति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग गर्नु हुने सबै राजनैतिक दल ,वडाअध्यक्ष र सदस्यहरु तथा राजापुर नगरपालिकामा कार्यरत राष्ट्र सेवक कर्मचारीहरु एवं सबै प्रति आभार सहित बिशेष धन्यवाद दिन चाहन्छु ।

मनकला कुमारी चौधरी

.............................

उप प्रमुख

राजापुर नगरपालिका कार्यालय

१० असाढ, २०७४